नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
भदौ/असोज २०७० (September 2013) वर्ष १७/अङ्क १९८

## "ख्रीष्टमा – सदैवको लागि पूरा पूरा उद्धार"

– पाष्टर रोबर्ट कार्थक

हिब्रू ७:२५ मा लेखिएको छ, 'यसैकारण ख्रीष्टद्वारा परमेश्वरको नजीक आउनेहरूलाई उहाँले सम्पूर्ण उद्धार गर्न सक्नुहुन्छ, किनभने तिनीहरूका निम्ति अन्तरबिन्ती गर्नलाई उहाँ सधैंभरि रहनुहुन्छ।' १ थेसलोनिकी ५:२३ मा पावल लेख्तछन्, 'शान्तिका परमेश्वर आफैले सम्पूर्णरूपले तिमीहरूलाई चोखा तुल्याऊन् र तिमीहरूका समस्त आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलङ्क रहून्।' हिब्रू ७:२५ को सम्पूर्ण उद्धार गर्न सक्ने कुरो र १ थेसलोनिकी ५:२३ को सम्पूर्ण रूपले चोखो तुल्याउने कुरोले एउटै कुरो बुझाउँछ। ख्रीष्ट येशूले दिनुहुने मुक्ति हाम्रो आत्मा, प्राण, शरीर अर्थात् हाम्रो सम्पूर्ण व्यक्तित्वको निम्ति हो। उहाँले क्रूशमा हाम्रो निम्ति आफैलाई बलिदान दिनुभयो। उहाँले हामीलाई पापको दण्डबाट, पापको शक्तिबाट अनि पापको उपस्थितिबाट उद्धार गर्नुहुन्छ। उहाँले क्रूशमा हाम्रो समस्त पापको दण्ड हाम्रो निम्ति भोगिदिनुभयो र हाम्रो आत्माको उद्धारको काम पूरा गरिदिनुभयो। अहिले वर्तमानमा हाम्रो प्राणलाई पापको शक्तिबाट उद्धार दिंदै हुनुहुन्छ र पछि भविष्यमा हाम्रो शरीरलाई पनि पापको उपस्थितिबाट पूरापूरा उद्धार गर्नुहुनेछ।' फिलिप्पी १:६ मा पावल लेख्तछन्, 'मलाई यो दृढ विश्वास छ, जसले तिमीहरूमा एउटा असल काम शुरू गर्नुभयो उहाँले नै येशू ख्रीष्टको दिनमा त्यो पूरा गर्नुहुनेछ। हाम्रो सम्पूर्ण व्यक्तित्वको उद्धारको काम उहाँले टुङ्गो लगाउनु नै हुनेछ, अधकल्चो छोड्नुहुने छैन। यहूदा २४ अनुसार उहाँले हामीलाई पापमा फस्नदेखि बचाउन सक्नुहुन्छ र आनन्दसहित उहाँकै महिमाको सामने निष्कलङ्क प्रस्तुत गर्न सक्नुहुन्छ। हामीलाई पापको दण्डबाट उद्धार गर्नलाई उहाँ क्रूशमा मर्नुभयो, पापको शक्तिबाट उद्धार गर्नलाई उहाँ मरेकोबाट बिउँतनुभयो र आत्मामा हामीभित्र जिउनु हुँदैछ र पापको उपस्थितिबाट उद्धार गर्नलाई फेरि दोस्रो पल्ट प्रकट हुनुहुनेछ। रोमी ५:१८-१९ ले भन्दछ, 'यसैले जसरी एउटै अपराधद्वारा सबै मानिसलाई दोषी ठहराउनलाई इन्साफ आइलाग्यो। त्यसैगरी धार्मिकताको एउटै कामद्वारा सबै मानिसलाई जीवनको निम्ति धर्मी ठहराउनलाई अनुग्रहको वरदान आयो किनकि जसरी एउटै मानिसको अनाज्ञाकारिताले धेरै जना पापी ठहरिए त्यसैगरी एकै जनाको आज्ञाकारिताद्वारा धेरै जना धार्मिक ठहरिनेछन्।' आदमको अनाज्ञाकारिताले गर्दा हामी सबै पापी भयौं। ख्रीष्टको आज्ञाकारिताले हामी उहाँमा विश्वास गर्ने सबै धर्मी ठहरिएका छौं। हामीले पाएको यो धार्मिकता हामीले व्यवस्था पालन गरेर आफैले गरेको धर्म-कर्मद्वारा कमाएको धार्मिकता होइन। तर ख्रीष्ट येशू प्रभुले हाम्रो निम्ति चढाइदिनुभएको क्रूशको महापवित्र बलिदानमा गरेको विश्वासको कारणले हो। यो धार्मिकता हाम्रो कोशिशद्वारा आफैले कमाएको इनाम होइन, यो ख्रीष्टको क्रूशको बलिदानमा विश्वासद्वारा सित्तैंमा पाएको परमेश्वरको वरदान हो।

हाम्रो पुरानो बाइबलको हिब्रू ७:२५ मा लेखिएको 'सम्पूर्ण उद्धार' को सट्टामा नयाँ संस्करणमा 'सदैवको उद्धार' भन्ने लेखिएको छ। ख्रीष्ट येशूमा हामीले पाउने उद्धारले हाम्रो जीवनको सबै काललाई समेट्ने हुनाले यसलाई 'सदैवको उद्धार' भनिएको हो। भूतकालका सबै पापको दण्डबाट ख्रीष्टको क्रूशको मृत्युद्वारा उद्धार पाइसकेका छौं। वर्तमान कालमा पापको शक्तिबाट अहिले उहाँको बौरिउठाइको जीवनद्वारा उद्धार पाउँदै जाँदैछौं अनि भविष्यमा पापको उपस्थितिबाट पनि उद्धार पाउनेछौं।

एफिसी २:८ को 'किनभने अनुग्रहबाट विश्वासद्वारा उद्धार पाएका छौ' ले हाम्रो पापको दण्डबाटको उद्धार बोध गर्छ भने कोरिन्थी १:१८ को 'क्रूशको सन्देश हामी उद्धार पाइरहेकाहरूको निम्ति परमेश्वरको शक्ति' ले हामीले हालै पाइरहेको पापको शक्तिबाटको उद्धार र १ पत्रुस १:५ को 'आखिर समयमा प्रकट हुन आँटेको मुक्ति' ले पापको उपस्थितिबाट पनि पछि हाम्रो शरीरले पाउने उद्धारलाई संकेत गर्छ। यसर्थ हामीलाई हाम्रा प्रभु ख्रीष्ट येशूबाट प्राप्त भएको, प्राप्त हुँदै गरेको र प्राप्त हुन आँटेको 'सम्पूर्ण उद्धार' 'सदैवको उद्धार' भनिएको हो। पापको दण्ड, पापको शक्ति र पापको उपस्थितिबाट पाइने हाम्रो आत्मा, प्राण र शरीरको सम्पूर्ण उद्धार हाम्रो भूत, वर्तमान, भविष्यको निम्ति सदैवको उद्धार हो।

२ कोरिन्थी ५:१७ मा पावल लेख्छन्, 'यसरी कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हुन्छ पुराना कुराहरू बितिसके, हेर, ती नयाँ भइसकेका छन्।' जुन दिन हामीले ख्रीष्ट येशू प्रभुलाई आफ्ना मुक्तिदाता गरी ग्रहण गऱ्यौं उहाँको अनमोल रगतले हाम्रा सबै पापहरू परमेश्वर पिताले सधैंको लागि मेटाइदिनुभयो। उहाँले हाम्रा सबै पाप-अपराधहरू क्षमा गरिदिनुभयो। उहाँले हामीलाई नयाँ बनाउनुभयो। ख्रीष्टमा हामी नयाँ सृष्टि भयौं। अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन कारण हाम्रा सबै पाप-अपराधहरूको दण्ड ख्रीष्ट येशूले हाम्रो सट्टामा भोगिदिनुभयो। उहाँले पाप गर्नुभएको थिएन, उहाँमा पाप थिएन, उहाँले पाप चिन्नु पनि भएको थिएन। परमेश्वर पिताले उहाँलाई हाम्रो निम्ति पाप बनाउनुभयो र उहाँमा अब हामी परमेश्वरका धार्मिकता बनेका छौं (२ कोरिन्थी ५:२१)।

परमेश्वरले हामीलाई धर्मी ठहराउनुभएको मात्र होइन, उहाँको आफ्नै धार्मिकता बनाउनुभएको छ। ख्रीष्ट प्रभुमा हामीसँग बाँध्नुभएको नयाँ करारबारे उहाँ हिब्रू ८:८-१३ र हिब्रू १०:१६-१७ मा यसरी भन्नुहुन्छ, "तिनीहरूका अपराधहरू म क्षमा गर्नेछु र तिनीहरूका पाप फेरि कहिल्यै सम्झने छैन, तिनीहरूका पाप र तिनीहरूका दुष्कर्महरू म फेरि सम्झने छैन।" परमेश्वर पिताले येशू प्रभुको क्रूशको बलिदानद्वारा हाम्रा सबै पाप-अपराधहरू क्षमा गर्नुभएको छ। त्यति मात्र होइन, उहाँले ती सबै पाप-अपराधहरू बिर्सिदिनुभएको छ।

२ कोरिन्थी ५:१७ अनुसार हामी ख्रीष्टमा भएकाहरू नयाँ सृष्टि हौं। हाम्रा आत्मालाई उहाँले पूरो तवरले नयाँ बनाइसक्नुभएको छ। १ कोरिन्थी ६:१७ ले भन्दछ, 'जो प्रभुसँग एक हुन्छ त्यो उहाँसँग आत्मामा एउटै हुनेछ।' एउटै किसिमको होइन तर एउटै। यसैकारण १ यूहन्ना ४:१७ अनुसार उहाँ अहिले जस्तो हुनुहुन्छ हामी पनि यस संसारमा त्यस्तै छौं। पछि स्वर्गमा हुनेछौं होइन, यस संसारमा अहिले नै छौं किनकि आत्मामा हामी उहाँसँग एउटै भएका छौं। यी बाइबलका

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| भदौ २९ गते<br>सेप्टेम्बर १४ ता. | पा. रोबर्ट कार्थक<br>पा. सामुएल कार्थक | श्री<br>लेख नाथ पौडेल | पाष्टर<br>अशोक मुखिया | पा. बिर ब. खवास<br>पा. रोल्याण्ड रोंगोंग | पाष्टर<br>दफ्तन सादा | डीकन<br>नवराज कार्की | श्री<br>शरण राई |
| असोज ५ गते<br>सेप्टेम्बर २१ ता. | डीकन<br>अर्जुन ढकाल | डीकन<br>जेम्स राई | पाष्टर<br>प्रेम श्रेष्ठ | श्री<br>डा. स्टिभ नोबल | डीकन<br>घनश्याम दाहाल | डीकन<br>बाबुराम के.सी. | श्री<br>पुरुषोत्तम न्यौपाने |
| असोज १२ गते<br>सेप्टेम्बर २८ ता. | एल्डर<br>सामुएल क्षेत्री | पाष्टर<br>अशोक मुखिया | डीकन<br>घनश्याम दाहाल | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>श्रीलक्ष्मी सैंजु | संयुक्त सेवा<br>ललितपुर मण्डली | संयुक्त सेवा<br>ललितपुर मण्डली |
| असोज १९ गते<br>अक्टोबर ५ ता. | पा. सामुएल कार्थक<br>पा. रोबर्ट कार्थक | श्री<br>सरुषमान तामाङ्ग | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पा. राजेन्द्र रोंगोंग<br>पा. बिर ब. खवास | श्रीमती<br>गंगा श्रेष्ठ | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>सिमोन खालिङ |

कुराहरू हामी खीष्ट येशूसँग आत्मामा एउटै भएका विश्वासीहरूका सम्बन्धमा नै लेखिएका हुन् ।

१ यूहन्ना २:१३-१४ - 'तिमीहरूले दुष्टलाई जितेका छौ ।'

१ यूहन्ना ४:४ - 'तिमीहरूचाहिँ परमेश्वरका हौ र तिनीहरूमाथि विजयी भएका छौ ।'

१ यूहन्ना २:२० - 'तिमीहरू सबै कुरा जान्दछौ ।'

१ यूहन्ना २:२७ - 'तिमीहरूलाई कसैले सिकाउनुपर्ने आवश्यकता पर्दैन तर उहाँको अभिषेकले तिमीहरूलाई सबै कुराहरूका विषयमा सिकाउनुहुनेछ ।'

यूहन्ना ३:९ 'जो परमेश्वरबाट जन्मेको छ त्यसले पाप गर्दैन, त्यसले पाप गर्नै सक्तैन किनभने त्यो परमेश्वरबाट जन्मेको हुन्छ ।'

१ यूहन्ना ३:१४ 'हामी जान्दछौं कि हामी त मृत्युबाट पार भएर जीवनमा सरिसकेका छौं ।'

यी सबै कुराहरू खीष्टमा नयाँ सृष्टि गरिएका हाम्रा आत्माका सम्बन्धमा लेखिएका हुन् । हाम्रा प्राण र शरीरका सम्बन्धमा यी कुराहरू पूरा भइसकेका छैनन्, अधुरै छन् । अझै पनि हाम्रो मनले रीस गर्छ, लोभ गर्छ, लालच गर्छ, अशुद्ध कुरा सोच्छ, घमण्ड गर्छ, आरिस गर्छ । अझै पनि हाम्रो शरीरले झूठ बोल्छ, चोरी गर्छ, अशुद्ध बोल्छ, झगडा गर्छ, नखानुपर्ने कुरा खान्छ, नपिउनुपर्ने कुरा पिउँछ, व्यभिचार गर्छ । तर यी सबै गर्ने हाम्रो मन र शरीर नै हुन् । हाम्रो आत्माले ती सब गर्न सक्तैन कारण त्यो परमेश्वरबाट जन्मेको छ (१ यूहन्ना ३:९) । यी पापहरू हाम्रो मन र शरीरले गरिरहन्छन् कारण यिनीहरू अझ पनि पूरो तवरले खीष्टमा नयाँ भइसकेका छैनन् । हाम्रो आत्मा खीष्टमा नयाँ भइसकेको छ, हाम्रो मन र शरीरचाहिँ नयाँ हुँदै जाँदैछ, नयाँ हुनेछ । आत्मामा हामी खीष्टमा जो छौं, प्राण र शरीरमा पनि बन्दै जाँदैछौं ।

रोमी ८:२९ मा लेखिएझैं हामीलाई खीष्टको रूपमा बनाउने परमेश्वरको अभिप्राय एकदिन उहाँले पूरा गर्नुनै हुनेछ । संसारसित एकै चालको नभएर हाम्रो मनको परिवर्तनले हामी दिन-दिनै बदलँदै जानुपर्छ (रोमी १२:२) । मनको परिवर्तन परमेश्वरको वचन पाठ गरेर र त्यसमा ध्यान गरेर मात्र हुन सक्छ । परमेश्वरको वचन पढ्ने, मनन गर्ने, ध्यान दिने, पालन गर्ने व्यक्तिले मात्र संसारसित एकै चालको नभएर आफ्नो जीवनमा परिवर्तन देख्न पाउँछ । हामी सबै जना नढाकेको मोहडाले प्रभुको तेजलाई देखाएर त्यही रूपमा एक तेजबाट अर्को तेजतिर बदलँदै जानुपर्छ (२ कोरिन्थी ३:१८) । यसैले प्रभुको सामने प्रार्थनामा उहाँलाई हेर्दै उहाँको अघि आराधनामा समय बिताउन हाम्रो निम्ति अति नै अनिवार्य छ । तब मात्र हामी उहाँले तयार गर्नुभएको सदैवको पूरा पूरा उद्धारको अनुभवमा प्रवेश गर्दै परमेश्वर पिताको अनन्तको योजना पूरा भएको देख्न पाउनेछौं । हामीले पूरा पूरा उद्धार पाउनेछौं । हामी पूरो तवरले खीष्ट जस्तै हुनेछौं ।

| कार्यक्रम | बार | समय | स्थान | |
|---|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल, साहुगाउँ र धापासी | |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, नगरकोट, सिर्जनानगर (बिहान ७:३०, ९:३० र ११:३० बजे) | |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ | |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, जहरसिंह पौवा, सुन्दरीजल | |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा | |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी | |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, कपन | बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार | |
| | सोमबार | बिहान ६:०० बजे | जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, साँखु, गोंगबूँ, पनौती, सिर्जनानगर | |
| | मंगलबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, धापासी, बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला), पिंगलास्थान , ताहाचल | |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैसेपाटी, कमलाक्षी, ताहाचल | |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ | |
| | शुक्रबार | बिहान ६:०० बजे | ललितपुर, जोरपाटी, गोंगबूँ, कालीमाटी, गाम्छा, सुन्दरीजल, ठिमी-नगदेश | दिउँसो ३:०० बजे पनौती |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | गोंगबूँ | धापासी | रानीपौवा | साहुगाउँ |
|---|---|---|---|---|---|---|---|---|
| भदौ २९ गते<br>सेप्टेम्बर १४ ता. | पाष्टर<br>महेश थान्जू | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान तामाङ्ग | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा<br>गोंगबूँ मण्डली | संयुक्त सेवा<br>गोंगबूँ मण्डली | संयुक्त सेवा<br>गोंगबूँ मण्डली |
| असोज ५ गते<br>सेप्टेम्बर २१ ता. | पाष्टर<br>रोबर्ट कार्थक | संयुक सेवा – जोरपाटी चर्च | | सुश्री<br>दिल माया तामाङ्ग | एल्डर<br>छोदेन कार्थक | पाष्टर<br>अशोक मुखिया | डीकन<br>बेन्जामिन तामाङ्ग | श्री<br>धन ब. तामाङ्ग |
| असोज १२ गते<br>सेप्टेम्बर २८ ता. | पाष्टर<br>महेश थान्जू | श्री<br>राज गुरूङ्ग | डीकन<br>नरबहादुर श्रेष्ठ | श्री<br>अमृत लामा | पाष्टर<br>राजेन्द्र रोंगोंग | डीकनेस्<br>निर्मला ढुङ्गेल | श्रीमती<br>शान्ति तामाङ्ग | श्री<br>हनोक तामाङ्ग |
| असोज १९ गते<br>अक्टोबर ५ ता. | एल्डर<br>गोपी राई | एल्डर<br>जमान तामाङ्ग | पाष्टर<br>महेश थान्जू | श्री<br>पासाङ्ग तामाङ्ग | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>छोदेन कार्थक | श्रीमती<br>रमिता तामाङ्ग | श्री<br>धन ब. तामाङ्ग |

## हार्दिक बधाई



भदौ १६ गते/सेप्तम्बर १ ता. आइबार नेइम ज्ञानेश्वर मण्डलीकी सदस्या सुश्री सिर्जना गिरी र जुवार विश्वास मण्डली, टिकाथलीको सदस्य श्री प्रेम कार्कीको ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनु भएकोमा श्रीमान/श्रीमती प्रेम/सिर्जना कार्कीलाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## सेप्टेम्बर महिनाको कार्यक्रम

१. भदौ २३ गते/सेम्टेम्बर ८ ता. आइतबार बिहान १० बजे देखि ३ बजे सम्म नेइम संयुक्त महिला संगति ज्ञानेश्वर चर्च

२. असोज १ गते/सेप्टेम्बर १७ ता. मंगलबार महिला उपवास प्रार्थना आ-आफ्नै मण्डलीमा

## जानकारी

तारनलाङ बस्नुहुने नेइम तारनालाङ संगतिको सदस्य श्री सुरेन्द्र अर्याल ५६ वर्षको उमेरमा भाद्र ३ गते/ अगष्ट १९ ता. सोमबार प्रभुमा सुत्नुभयो ।



बानियाँटार बस्नुहुने नेइम गोंगबूँ मण्डलीको सदस्या श्रीमती कान्छी तामाङ्ग ८४ वर्षको उमेरमा भाद्र ७ गते/अगष्ट २३ ता. शुक्रबार प्रभुमा सुत्नुभयो ।



जोरङ्गखु बस्नुहुने नेइम गोंगबूँ मण्डलीको सदस्या श्रीमती शान्ता माया नेपाल ७८ वर्षको उमेरमा भाद्र ९ गते/अगष्ट २५ ता. आइतबार प्रभुमा सुत्नुभयो ।

## जानकारी

१. साउन ४ गते/१९ जुलाई, शुक्रवार प्रार्थना घर नमूना मण्डली भोटेबहालमा १९ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

२) साउन १७ गते/१ अगष्ट बिहीबार ६ जना र साउन ३१ गते/१५ अगष्ट बिहीबार १४ जना गरी २० जना नेइम गोंगबूँ मण्डलीका विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

३) साउन १८ गते/२ अगष्ट शुक्रबार नेइम ललितपुर मण्डलीका १ जना विश्वासीले पानीको बप्तिस्मा लिनुभयो ।

४) साउन २६ गते/१० अगष्ट शनिबार नेइम पनौती मण्डलीमा १५ जना विश्वासीहरूको समर्पण भयो ।

५) भदौ ८ गते/२४ अगष्ट शनिबार नेइम ललितपुर मण्डलीमा ५ जना बालबालिकाहरूको समर्पण भयो ।

## प्रार्थनाका विषयहरू

१. चाडपर्वको समयमा पानीको बप्तिस्मा लिनुभएकाहरू र प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

२. सरद् सम्मेलनको समयमा विभिन्न भण्डलीहरूमा हुने सेवा संगति तथा सभाहरूको लागि प्रार्थना गरिदिऔं ।

३. सरद् सम्मेलनको समयमा शाखा तथा आवद्ध मण्डली-हरूमा सेवाकाईको लागि जानुहुनेहरूको सबै तयारीमा आशिष मागिदिऔं ।

४. नेइम अन्तरगतका सम्पूर्ण मण्डलीहरूको अगुवाहरू, सेवा संगतिहरू, साथै सबै आवश्यकताहरूको लागि प्रार्थना गरिदिऔं ।

५. मंसिर महिनामा हुन गइरहेको संविधान सभाको चुनाव शान्तिपूर्ण वातावरणमा हुन सकोस् भनी प्रार्थना गरिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार** Sunday | २३ 8<br>मण्डलीअन्तर्गतका संगतिहरूलाई अगुवाइ गरिराख्नुभएकाहरूले साँचो बोझ र समर्पणतामा बगालको हेरचाह गर्दै परमेश्वरमा डोऱ्याउन सकून् ।<br>२ तिमोथी ४:१-५ | ३० 15<br>सुसमाचार प्रचारको काम बढेर गएकोले धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>यूहन्ना १४:६, रोमी १०:१४-१७ | ६ 22<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई हुर्काउन, बढाउनलाई पवित्र आत्माको सहायता र अगुवाई मागिदिऔं ।<br>यशैया ४२:६-९ | १३ 29<br>सबै इसाईहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुँदै जान सकून् ।<br>कलस्सी २:६-७ |
| **सोमबार** Monday | २४ 9<br>प्रत्येक विश्वासीहरूले व्यक्तिगत, पारिवारिक र मण्डलीसँग मिलेर गरिने प्रार्थनाको मूल्य बुझेर प्रार्थना गर्नेहरू हुँदै जान सकून् ।<br>रोमी १२:११-१३ | ३१ 16<br>प्रत्येक विश्वासीहरू साक्षीको जीवन जिउनेहरू हुन सकून् ।<br>१ पत्रुस २:९-१२ | ७ 23<br>हामी कोही पनि विश्वासमा कमजोर भएकाहरूको न्याय गर्ने होइन तर उनीहरूको निम्ति बोझसहित प्रार्थना गर्नेहरू हुन सकौं ।<br>लूका ६:३७, रोमी १५:१-७ | १४ 30<br>परिवारको जीवनमा आइपर्ने विभिन्न समस्याहरूमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ |
| **मंगलबार** Tuesday | २५ 10<br>मण्डलीका पूर्णकालिन सेवक / सेविकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यहूदा १-५, ११ | १ असोज 17<br>मण्डलीका प्रत्येक परिवारले परमेश्वरलाई आफ्नो परिवारमा सधैं पहिलो स्थान दिन सकून् र पारिवारिक वेदी कहिल्यै ननिभेको होस् ।<br>याकूब ४:८, भजनसंग्रह १३२:७ | ८ 24<br>आफूले पाएको विभिन्न वरदानहरू विश्वास, प्रेम र नम्रतामा मण्डली निर्माणको लागि सबैले परमेश्वरको महिमाको लागि चलाउन सकून् ।<br>रोमी १२:३-८, १ कोरिन्थी १३:१-३ | १५ October 1<br>मण्डलीका सबै गुरुजनहरूको लागि साथै उहाँहरूको परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।<br>२ शमूएल ७:२५-२९ |
| **बुधबार** Wednesday | २६ 11<br>परमेश्वरको वचन पढ्ने, सुन्ने र मनन् गर्ने भई आज्ञाकारी हुँदै जानेहरू हुन सकौं ।<br>मत्ती ४:४ भजनसंग्रह ११९:१०१-१०६ | २ 18<br>विभिन्न ठाउँमा मिशनेरी भएर जानु भएकाहरूको सेवकाइ, परिवार, मण्डली, संगति झुण्डको लागि साथै उहाँहरूको सेवकाइद्वारा अझ धेरै प्रभुमा आउन सकून् ।<br>यूहन्ना १५:१६, यूहान्ना ८:२९ | ९ 25<br>परिवारबीच साथै मण्डलीमा पनि साँचो एकता र प्रेम बढेर गएको होस् ।<br>यूहन्न १७:२१-२६ | १६ 2<br>आखिरी दिनमा संसारमा देखिएका धेरै निरास गर्ने कुराबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून् ।<br>मत्ती २४:१-१३,२२, ४२ |
| **बिहीबार** Thursday | २७ 12<br>प्रभुबाट टाढा भएकाहरू साँचो पश्चात्तापी भई समयमा नै प्रभुमा फर्कन सकून् ।<br>यर्मिया ३१:१६-२०, मीका ७:१८-१९ | ३ 19<br>मण्डलीका सबै परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>कलस्सी ३:१८-२१ | १० 26<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइको दशांश साथै अन्य भेटी चढाउने काममा सधैं मण्डली परिवार इमान्दार हुन सकून् ।<br>लूका ६:३८, १ कोरिन्थी १६:१४ | १७ 3<br>मण्डलीका सबै बाबु आमाहरू अझ परमेश्वरलाई प्रेम गर्दै परिवारलाई पनि प्रभुमा डोऱ्याउनेहरू हुँदै जान सकून् ।<br>यशैया ५५:६-१३ |
| **शुक्रबार** Friday | २८ 13<br>परमेश्वर आफ्नो वचनबाट हामीसँग बोल्नुहुन्छ । यसैले हामीहरूले उहाँको वचनमा ध्यान दिनेहरू भई आज्ञाकारी हुन सकौं ।<br>भजनसंग्रह ८५:८,यूहन्ना १०:२७ | ४ 20<br>मण्डलीलाई प्रशस्त आशिषमा डोऱ्याउनुहुने साथै आशिषको कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकौं ।<br>भजनसंग्रह ९५:१-१० | ११ 27<br>आराधना सेवामा आउनेहरू आत्मा र सत्यतामा आराधना गर्न र वचन सुन्नका निम्ति हृदयको तयारीमा आउन सकून् ।<br>भजनसंग्रह १२२:१-४ | १८ 4<br>विश्वव्यापी मण्डलीहरूमा हुने आराधना सेवा साथै अरू सेवा संगतिहरूद्वारा मण्डली परमेश्वरको इच्छाअनुसार जिउन सकून् ।<br>यशैया ४०:२५-२६ |
| **शनिबार** Saturday | २९ 14<br>स्कूल, क्याम्पस, उच्च शिक्षाको र विभिन्न तालिम लिइराख्नुभएकाहरूको पढाइ, साथै तालिममा परमेश्वरको आशिष मागिदिऔं ।<br>हितोपदेश ३:१-६ | ५ 21<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी-बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्र आएको होस् ।<br>भजनसंग्रह २२:५ | १२ 28<br>मण्डलीका जवानहरू ख्रीष्टको असल साक्षी भएर जिउन सकून् ।<br>रोमी १२:१-२ | १९ 5<br>रीतिविधि र धर्मकर्ममा होइन तर परमेश्वरलाई साँचो आराधना र भक्ति चढाउनेहरू हुन सकून् ।<br>यूहन्ना ४:२४ |

# विश्वास गरेर प्रार्थनामा जे माग्छौ त्यो तिमीहरूले पाउनेछौ ।  मत्ती २१:२२